# प्रदेश सभामुखद्वारा धन्यवाद

विराटनगर/ प्रदेश नं १ का प्रदेश प्रमुख सोमनाथ अधिकारीलाई प्रदेशका सभामुख प्रदीपकुमार भण्डारीले आर्थिक वर्ष २०७७-७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेकोमा सोमबार धन्यवाद-पत्र हस्तान्तरण गरेका छन् ।

सभामुख भण्डारीले प्रदेशसभाको नियमावली २०७४ को नियम ३५ बमोजिम यही जेठ २३ गते प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकामा हार्दिक धन्यवाद ज्ञापन गरेका थिए ।

उनले पत्रमा यही जेठ २५ गते बसेको छैटौं तथा बजेट अधिवेशनको आठौं बैठकमा धन्यवादको प्रस्ताव प्रस्तुत भई सदनबाट सर्वसम्मत रुपमा पारित भएको जानकारी गराउादै प्रदेशसभा तथा आफ्नोतर्फबाट धन्यवाद ज्ञापन गरेका हुन् ।रासस



मोरङको जहदा गाउँपालिकामा बन्दै गरेको खानेपानी टंकी ढलानका क्रममा लगाइएको उपाय । बाल्टीमा भरेको सिमेन्टको घोल टंकीमाथि पुऱ्याउन फलामबाट बनेको चक्का घुमाएर डोरी बेर्दै मजदुर । *तस्वीर : उद्घोष*

## « कोशीमा

'बच्चा मऱ्यो, हामी दुखी छौं यही विषयमा कुरा हुन्छ' चौधरीले भने- 'उमेर नपुगी जन्मिएको बच्चा चाहेरपनि बताउंने अवस्था थिएन ।' चिकित्सक अभावमा छावा मरेको स्थानीयले आरोप लगाएका छन् ।

सरुवा भएर प्रदेश मन्त्रालयमा समायोजन भएका डा पुरुषोत्तम पाण्डे रातीनै छावाको उपचारका लागि विराटनगरबाट कोशी पुगेका थिए ।

# खुकुरी प्रहारबाट मृत्यु

खोटाङ/खोटाङको कोपिलासगढी गाउँपालिका-२ खार्ताम्छामा खुकुरी प्रहारबाट एक जनाको मृत्यु भएको छ । एक जना घाइते भएका छन् ।

आइतबार बिहान पौने ९ बजेको समयमा स्थानीय ३६ वर्षीय शुभराज राईले सोही स्थान बस्ने ६५ वर्षीय डिल्लीराज राई र निजकै श्रीमती ६२ वर्षीया सममाया राईलाई धारिलो हतियार खुकुरीले प्रहार गरी घाइते बनाएका थिए ।

घाइते दुबै जनालाई उपचारको लागि हेलिकोप्टरद्वारा काठमाडौं पठाउने तयारी हुँदै गर्दा डिल्लीराज राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ । घाइते सममायालाई कैलाश एयरको हेलिकप्टरबाट काठमाडौं पठाइएको छ ।

खुकुरी प्रहार गर्ने शुभराज राईलाई नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको १ नम्बर प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

# भारतले खोल्यो मठमन्दिर

नयाँ दिल्ली / करिब साढे दुई महिनासम्म बन्द रहेका भारतको दिल्ली राज्यका धार्मिकस्थलहरुका साथै मठमन्दिरहरु सोमबारदेखि खुलेका छन् । भारत सरकारले सोमबारदेखि मन्दिरहरु खुल्ने भनी जानकारी दिएको थियो । सोहीअनुसार भारतीय राजधानी नयाँ दिल्लीका साथै दिल्ली राज्यका मन्दिरहरु सोमबारदेखि खुला गरिएको बताइएको छ ।

नयाँ दिल्लीबाट प्राप्त समाचारमा त्यहाँको जामा मस्जिदलगायत अरु धेरै धार्मिकस्थलहरुका साथै साइबाबा मन्दिर र गुरुद्वारा पनि खुला गरिएको बताइएको छ । तर सोमबार बिहानै भने दिल्लीको जामा मस्जिदमा धेरै भक्तजनहरुको उपस्थिति भने नदेखिएको पनि सो समाचारमा जनाइएको छ ।

नयाँ दिल्लीका यी धेरैजसो मन्दिरहरु खुलेको भएपनि त्यहाँ



कमै मात्रामा दर्शनार्थीहरु जम्मा भएका थिए । तर त्यहाँ पुगेकाहरुले भने आफूहरुले लामो समयपछि मन्दिर पुगेर पाठपूजा गर्न पाउादा निकै खुसी भएको बताएका थिए ।

ती मन्दिर तथा तीर्थस्थलहरुमा पुगेका नागरिकहरुलाई स्यानिटाइजर तथा दिनुका साथै आवश्यक स्वास्थ्य मापदण्डहरु अपनाउन भनिएको थियो । उनीहरुलाई आवश्यक स्वास्थ्य मापदण्डहरु पूरा गरेर मात्र मन्दिरभित्र प्रवेश गराइएको थियो । रासस

# बलिया दौंतरीको रक्तदान



इटहरी(उस)/ दौतरी बलिया बचत तथा ऋण सहकारी सहकारी संस्था सुन्दरहरैंचा-४, बलियाले गरेको रक्तदान कार्यक्रममा ६८ जनाले रक्तदान गरेका छन् । विश्वव्यापी कोरोना भाइरसको महामारीको अवस्थामा रगतको अभाव नहोस् भनेर रक्तदान कार्यक्रम गरिएको आयोजक केशवराज काफ्लेले जानकारी दिए ।

## नेपाल भारत सीमा सिल

# सशस्त्रकै उपस्थितिमा सामान भित्रिदै

विराटनगर (उस)/ विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण रोकथामका लागि नेपाल-भारतको अन्तर्राष्ट्रिय नाका बन्द गरे पनि सामान ओसारपसारको काम भने रोकिएको छैन ।

सीमा सुरक्षार्थ खटिएको सशस्त्र प्रहरीको उपस्थितिमा दशगजा क्षेत्र हुँदै नेपाल सामान भित्रिने गरेको पाइएको छ । भारतीय व्यापारीले समान लिएर सीमा स्तम्भसम्म पुऱ्याइदिने गरेका छन् ।

सशस्त्र रहेको स्थानमा नेपाली व्यापारीहरूले समानको पोको सशस्त्रकै अगाडिबाट नेपालतर्फ ल्याउने गरेका छन् । व्यापारीहरूले दिनभरि सामान लिएर ओहोरदोहोर गरे पनि सशस्त्रले त्यसतर्फ नदेखेजस्तो गर्छन् ।

भारततर्फ भारतीय युवाहरूलाई नेपाली व्यापारीहरूले चाहिने समानको सूची दिएपछि उनीहरूले ल्याइदिने गरेका छन् । सूची सँगै पैसा लिएपछि सशस्त्रको अगाडिबाट समान विना भन्सार आउने गरेको छ ।

स्थानीयहरूले बिहानदेखि नै खाद्यान्नसहित रजनीगन्धा, खैनीसहितको सुर्तीजन्य पदार्थ भित्र्याउने गरेका हुन् । सीमाको रेखदेख गर्न खटिएका सशस्त्र भने एकै स्थानमा बसेर चिया नास्तामै अलमलिने गरेका छन् । विराटनगर-१६ स्थित दरैया बस्ती हुँदै ती समानहरू नेपाल भित्रिने गरेको हो । भारतको जोगवनीको टिकुलिया बस्तीमा जम्मा गरेर सुर्तीजन्य पदार्थ भित्रिने गरेको छ ।

स्थानीय मंगल यादव सधैंजसो यस्तो हुने गरेको बताउँछन् । उनी भन्छन्-'सशस्त्रले सबैलाई त सामान ल्याउन दिदैनन् । तर, जसले पहिला नै कुरा गरेर ल्याएको छ उसले सजिलै ल्याउन पाउने गरेको छ ।'

स्थानीय मो हुसेन सशस्त्रसँग कुरा नगरेसम्म औषधि पनि आउन दिदैनन् भन्छन् । 'तर, कुरा गऱ्यो भने जे पनि ल्याउन दिन्छन्' उनी भन्छन् । स्थानीय व्यवपारीहरूले भारतमा राखेको गोदामबाट सशस्त्रको मिलोमतोमा दैनिक समान नेपाल भित्रियाएर महँगोमा बेच्ने गरेको छ । व्यापारीहरूले विभिन्न ब्राण्डका टप्स, सरबार कुर्ता, साडीलगायतका सामान पनि ल्याउने गरेका छन् ।

लकडाउनका कारण सीमा बन्द र मुख्यमुख्य नाकामा दुबैतर्फ सुरक्षा निकायको बाक्लो उपस्थिति रहेको छ । धनपालथानमा मायागञ्ज छोटी भन्सारको आसपाससहित खैरवाना, नोचा गररिया, दरैया, मटेर्वालगायतका भारतीय नाकाबाट नेपाल सशस्त्रकै अगाडिबाट आउने गरेको स्थानीयहरूले बताएका छन् ।

# क्वारेन्टाइन व्यवस्थापनमा प्रशासनको असहयोग

सप्तरी (उस)/ कोरोना भाइरसको संक्रमण फैलिन नदिन स्थानीय तहमा निर्माण भएको क्वारेन्टाइन सञ्चालनमा स्थानीय प्रशासनले आफ्नो जिम्मेवारी पूरा नगरेको गुनासो बढेको छ ।

स्थानीय प्रशासनले जिम्मेवारीअनुसारको काम नगर्दा सप्तरीमा समस्या उत्पन्न भएको स्थानीय तहका प्रमुखहरूले गुनासो गरेका छन् ।

क्वारेन्टाइन सञ्चालनमा प्रशासनले मापदण्डअनुसार सहयोग नगरेकाले व्यवस्थापनदेखि सञ्चालनमा समस्या उत्पन भएको उनीहरूको भनाइ छ ।

क्वारेन्टाइन व्यवस्थापनमा स्थानीय प्रशासनले सहयोग नगरे क्वारेन्टाइन सञ्चालन बन्द गर्न बाध्य हुने हनुमाननगर कंकालनी नगरपालिका मेयर शैलेशकुमार साहले बताएका छन् । मेयर शाहले कोभिड-१९ सम्बन्धी व्यवस्थापनमा प्रशासनले आफ्नो जिम्मेवारी पालना नगरेको आरोप लगाउँदै क्वारेन्टाइन व्यवस्थापन गर्न कठिन भएको बताए ।

पत्रकार सम्मेलनको आयोजना गरेर उनले स्थानीय तहले खाद्यान्नसहित अन्य सहयोग गर्नुपर्ने भए पनि प्रशासनको असहयोगले व्यवस्थापनको समस्या भएको बताए । मेयर साह भन्छन्-' हाम्रो काम 'लजिस्टिक सर्पोट' गर्नु हो । सञ्चालन, सुरक्षा र निर्देशिकाअनुसारको अन्य काम गर्ने दायित्व स्थानीय प्रशासन र सेनाको हो ।' उनी क्वारेन्टाइन व्यवस्थापनको सबै जिम्मा स्थानीय तहले लिन नसक्ने बताउँछन् । सुरक्षा निकायले गर्नुपर्ने काम पनि आफूहरूले गरिरहनुपरेकाले व्यवस्थापनमा समस्या भएको उनको गुनासो छ ।

हनुमाननगर नगरकंकालनी नगरपालिकाले १४ वटा वडामध्ये १२ वटा वडामा क्वारेन्टाइन बनाएको छ ।


# देवानगञ्ज गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवानगञ्ज, सुनसरी

१ नं प्रदेश, नेपाल

## दरभाऊ पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०२/२७

यस कार्यालयको चालु आ.व. २०७६/०७७ मा गाउँपालिकाको स्वीकृत कार्यक्रमअन्तर्गत तपसिलका निर्माण कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ र नियमावली, २०६४ को नियम ८५ बमोजिम दरभाऊ पत्र माध्यमबाट गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दीको माध्यमबाट दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. तपसिलमा उल्लेखित दस्तुर नगद बुझाई नगदी रसिद वा नगदै बैंक दाखिला यस कार्यालयको नाममा रहेको NIC ASIA बैंक इनरुवा शाखाको सञ्चित कोष खाता नं. २४३ CA५००२१९१७००६ मा जम्मा गरेको सक्कल भौचर , निर्माण व्यवासायीले व्यवसाय नविकरण भएको इजाजतपत्र, आयकर तथा मू.अ.क. दर्ता, प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र संलग्न राखी देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयसम्म खरिद गर्न सकिनेछ । खरिद भएको फारम सम्बन्धी कागजात १६ औं दिनको १२:०० बजेसम्म देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जको नाममा सम्बोधन गरी कामको विवरण, दरभाऊ पत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी दर्ता गराउनु पर्नेछ।

२. शिलबन्दी दरभाउपत्र साथ देवानगञ्ज गाउँपालिकाको नाममा NIC ASIA बैंक इनरुवा शाखाको धरोटी खाता नं. २४३CA५००२१९१७००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकमको बराबरको नेपाल राष्ट्रिय बैंक मान्यता प्राप्त बैंक बाट देवानगञ्ज गाउँपालिकाको कार्यालयको नाममा जारि भएको कार्य प्रयोजन एवं ठेक्का नं. अनिर्वाय रुपमा उल्लेख भएको दरभाउपत्र जमानत पत्र अन्तिम मिति बाट ७५ दिन सम्म म्याद भएको पेश गर्नु पर्नेछ।

३ दर्ता भएका दरभाऊ पत्र १६ औं दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाऊ पत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्जमा खोलिनेछ। दरभाउ पत्र वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन। दरभाउ पत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको भोलिपल्ट खुलेको दिन सोही बमोजिम हुनेछ।

४. दरभाउ पत्रमा दररेट भर्दा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दरभाउ पत्र दाताको सहीछाप भएको हुनुपर्नेछ।

५. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन । दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४(संशोधन सहित) बमोजिम हुनेछ।

७. यो सूचना देवानगञ्ज गाउँपालिकाको www.dewanganjmun.gov.np मा समेत राखिएको छ।

**तपसिल**

| क्र.सं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) रु. | धरोटी रकम रु. | फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं. ६ चमेनिया पोखरिमा घाट निमार्ण कार्य | ८,५८,८४७९० | २५,०००।०० | १०००/०० | |
| २ | वडा नं. ५ च्क्रत्क्र रोड ढलान कार्य | ८,६४,२०२।५१ | २५,०००।०० | १०००/०० | |
| ३ | वडा नं. १ मा सुदिनलाल घर दक्षिण ढकन सहितको नाला निर्माण कार्य | ११,२५,६७३।७३ | ३२,०००।०० | १०००/०० | |

त्रिलोचन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



PAKHRIBAS MUNICIPALITY

# OFFICE OF THE MUNICIPAL EXECUTIVE

DHANKUTA, PROVINCE NO. 1, NEPAL

First date of Publication: 24 May 2020
Second date of Publication: 9 June 2020

1. The Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta, Province No-1. Nepal, invites sealed quotations from registered Suppliers for the Procurement of official Computer, laptop and Printers, Procurement of 26 gauge coloured CGI Sheets and Procurement of Solar street light system.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system [i.e www.bolpatra.gov.np/egp].
4. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : NIC ASIA Hile Branch
   Name of Office : Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta,
   Kosh Khata Account no : 88CA502647524001
5. Sealed bids must be submitted to the office Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta, Province No-1. Nepal through PPMO website www.bolpatra.gov.np/egp before 12:00 Hrs on 24th June 2020. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 14:00 Hrs of 24th June 2020 at the office of Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta, Province No-1. Nepal
7. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format. which shall be valid for 30 days beyond the validity period of the bid and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation. The bank account details for cash deposit is given by:

   Name of the Bank : NIC ASIA Hile Branch
   Name of Office : Pakhribas Municipality, Office of the Municipal Executive, Dhankuta
   Dharauti Khata no. : 88CA502647524003
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.N. | Contract ID | Descriptions | Estimated Amount (Without VAT) | Bid document Cost NRs | Deadline for bid submission | Bid opening date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1. | PKBSMUN/NCB/ GOODS/2076/077-02 | Procurement of official Computer, laptop and Printers | 843,200.00 | 1,000.00 | 12:00 Hrs of 24th June 2020 | 14:00 Hrs of 24th June 2020 | 25,000.00 |
| 2. | PKBSMUN/NCB/ GOODS/2076/077-03 | Procurement of 26 gauge coloured CGI Sheets. | 841,540.59 | 1,000.00 | | | 25,000.00 |
| 3 | PKBSMUN/NCB/ GOODS/2076/077-04 | Procurement of Solar Street Light System | 952,400.00 | 1,000.00 | | | 27,500.00 |

**Chief Administrative Officer**


**सौगात प्रकाशन प्रा.लि.**द्वारा प्रकाशित तथा हंसबाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि., विराटनगरद्वारा मुद्रित **कार्यालय** : विराटनगर-७, मेनरोड, **फोन नं.** : ०२१-४५०३०५, ५१५७२८, ५७८३०५ **इमेल** : udghosh@gmail.com,
**प्रबन्ध सम्पादक** : विजय खतिवडा, **समाचार सम्पादक** : विक्रम निरौला, **सहसम्पादक** : कमल रिमाल, **फोटो सम्पादक** : संजीव खनाल, **व्यवस्थापक** : पूर्ण भुजेल, **प्रबन्ध निर्देशक** : बन्धु पोखरेल, **सम्पादक** : मोहन भण्डारी